# अपर तामाकोशी हाइड्रोपावर लिमिटेड
# ज्ञानेश्वर, काठमाडौं

## कर्मचारी आवश्यकता सम्वन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति : २०८१।०३।३१

यस कम्पनी तथा अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा करार सेवाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट प्रथम पटक सूचना प्रकाशित मितिबाट १५ दिन (मिति २०८१।०४।१४) भित्र रीत पूर्वक दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | तह | पद | सेवा | समूह | माग संख्या | न्यूनतम् शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ४ | फोरमेन | प्राविधिक | सिभिल | २ (दुई) | सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तीर्ण । |
| २ | ३ | जुनियर टेक्निसियन | प्राविधिक | सिभिल | २ (दुई) | सम्वन्धित विषयमा प्राविधिक एस.एल.सी. उत्तीर्ण वा प्राविधिक एस.ई.ई. कम्तीमा बि ग्रेडमा उत्तीर्ण । |
| ३ | २ | हेल्पर | प्राविधिक | सिभिल | २ (दुई) | ८ कक्षा उत्तीर्ण/सम्वन्धित विषयमा ३ महिनाको तालिम प्राप्त । |

**१. आवेदकको योग्यता :**

(क) नेपाली नागरिक

(ख) दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको ।

(ग) कम्पनीको बहालवाला कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(घ) मानसिक सन्तुलन ठीक भएको ।

(ङ) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संगठित संस्थाको सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको ।

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी कैदको सजाय नपाएको ।

**२. दरखास्त फारम र दरखास्तसंग संलग्न हुनुपर्ने कागजात :**

आवेदकहरूले आफ्नो व्यक्तिगत विवरणसहित दरखास्तसाथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र (चारित्रिक प्रमाणपत्र, मुल प्रमाणपत्र वा प्रोभिजनल सर्टिफिकेट तथा लब्धांकपत्र वा ट्रान्सक्रिप्ट), सम्वन्धित क्षेत्रमा कार्य गरेको अवधि खुल्ने कार्यानुभव सम्बन्धि कागजातहरू,तालिमका प्रमाणपत्रहरू ।

**३. प्राथमिकता क्रम :**

(क) विगु गाँउपालिका वडां नं-१ र गौरीशंकर गाँउपालिका वडां नं-९ का आवेदक ।

(ख) विगु गाँउपालिका र गौरीशंकर गाँउपालिकाका आवेदक ।

(ग) दोलखा जिल्लाका आवेदक ।

**४. दरखास्त दस्तुर :**

अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको नाममा रहेको नविल बैंक लिमिटेडको खाता नं. ९७०१०१७५०००१२ मा दरखास्त फारम वापतको शुल्क रु. ३००।०० (तीन सयमात्र) पछि फिर्ता नहुने गरी पेश गर्नुपर्नेछ ।

**५. सेवा सुविधा :** कम्पनीको नियमानुसार ।

**६. कार्यस्थल :** कम्पनीले तोके बमोजिम ।

**७. दरखास्त दिने ठेगाना :**

कम्पनीको केन्द्रिय कार्यालय, ज्ञानेश्वर, काठमाण्डौं र माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको कार्यालय, गोंगर, दोलखा ।

**८. दरखास्त अस्वीकृत हुने अवस्थाहरू :**

(क) विज्ञापन बमोजिमको दरखास्तको निमित्त आवश्यक पर्ने कागजातहरू पेश नगरेमा ।

(ख) म्याद नाघी दरखास्त प्राप्त भएमा ।

(ग) दरखास्त फाराममा उल्लेख हुनुपर्ने आवश्यक विवरणहरू उल्लेख नगरी फाराम पेश गरेमा ।

**९. परीक्षाको किसिम :**

पेश भएका कागजातको आधारमा छोटोसूची प्रकाशित गरिनेछ । छोटोसूचीमा समावेश भएका आवेदकहरुको मात्र अन्तरवार्ता हुनेछ।

**१०. सेवाको अवधि :**

करारको अवधि एक वर्षको हुनेछ । आवश्यकता र औचित्यताका आधारमा करार अवधि नवीकरण गरिनेछ ।

**११. विज्ञापन सम्बन्धमा सम्पूर्ण अधिकार कम्पनीमा निहित हुनेछ ।**

**पदपूर्ति उपसमिति**